"सभ्य र समृद्ध परोहा:हाम्रो परोहा राम्रो परोहा"

# आ.ब. २०८२/०८३ को नीति तथा कार्यक्रम

## (नवौ नगर सभा)

मितिः २०८२/०३/१० गते मंगलवार

**परोहा नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

लौकाहा, रौतहट

मधेश प्रदेश, नेपाल

CamScanner

परोहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लौकाहा, रौतहट मधेश प्रदेश, नेपाल

नगरसभा उपाध्यक्ष ज्यू,

नगरसभा सदस्य ज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

आदरणीय नगरबासी ज्यूहरु,

कर्मचारीहरु, सञ्चारकर्मीहरु, सुरक्षाकर्मीहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरु,

परोहा नगरपालिकाको सोच एवम् जनआकांक्षा समेटिएको आगामी आ.व. २०८२/८३ को नीतिलाई कार्यक्रम र बजेट, मार्फत व्यवहारिक रुपमा कार्यान्वयनमा ल्याउनको लागि नेपालको संविधानको धारा २३० को व्यवस्था बमोजिम नवौ नगर अधिवेशन समक्ष पेश गरिरहँदा खुशी र गौरवान्वित महशुस गर्दैयहाँ उपस्थित परोहा नगरपालिकाको ऐतिहासिक नवौ नगरसभामा सहभागी उप प्रमुख ज्यू, नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, सम्पूर्ण कर्मचारीहरु, पत्रकारहरु, सुरक्षाकर्मीहरु तथा सहभागी सबै महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु ।

यस महत्वपूर्ण अवसरमा मुलुकलाई संघिय लोकतान्त्रिक गणतन्त्रको आज यस परिवर्तित युगसम्म ल्याउन र देशको समग्र राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वधिनता, स्वतन्त्रता एवं संघियता सहितको मुलुकको समृद्दिको भाग्य रेखा कोर्नको लागी विभिन्न समय कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सम्पूर्ण शहिदहरु प्रति स-सम्मान भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु ।

परोहा नगरपालिकाको विकासको वर्तमान अवस्था, नगरबासीहरुको बढ्दो चाहना र अपेक्षा, उपलब्ध सिमित श्रोत साधन,कार्यालय र नगरका मौजुदा समस्या तथा

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

परोहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लौकाहा, रौतहट मधेश प्रदेश, नेपाल

चुनौतीहरु, कार्यसम्पादनको क्रममा देखिएका चुनौती तथा अवसरहरु प्रति बृहत रुपमा विश्लेशण गर्दै नगरपालिकाको दुरगामी विकास आजको आवश्यकता रहको छ। समग्र विकासको क्रममा पछाडी परेका वर्ग तथा क्षेत्रका समुदायलाई न्यायपूर्ण र समतामूलक समाजको विकासको मूलप्रवाहमा ल्याउने, उत्पादनमूलक क्षेत्रमा लगानी वृद्धि गर्ने, रोजगारीका अवसरहरुको सृजना एवं विस्तार र विविधिकरण गर्ने, कृषि एवं पशु विकास क्षेत्रहरुको प्रबर्द्धन तथा विविधिकरण गर्ने,उत्पादनमूलक क्षेत्रहरुको व्यवसायीकण गर्ने,आधुनिकीकरण एवं यान्त्रीकरण गर्दै सूचना, सञ्चार र प्रविधिको माध्यमबाट सुशासन प्रबर्द्धन गरी सार्वजनिक विकास पूर्वाधारहरुको दिगो विकास गरी सेवा सुविधाहरुको प्रवाह गर्ने, जलवायु परिवर्तनको नकरात्मक असरको न्यूनीकरण गर्दै अनुकुलनका कार्यक्रमहरु कार्यान्वयन गर्ने, सामाजिक विकास एवं पूजीलाई संस्थागत गर्दै परोहा नगरपालिकाले लिएको "कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधारः समावेशी दिगो विकास परोहा नगरपालिकाको मूल आधार" भन्ने दृष्टिकोणलाई चुम्न सक्ने गरी दिगो विकास गर्ने पूर्वाधार विकासका कार्यहरु गर्नु हाम्रो मुख्य चुनौतीहरु रहेका छन् ।

विभिन्न चुनौतीका वावजुद पनि नगरपालिकाको समग्र विकास र समृद्धि गर्न कायम रहेको जनप्रतिनिधिहरुको उच्चस्तरको अठोट, समन्वय, सहकार्य र सहयोगका कारण फैलदो सडक सञ्जाल, पूर्वाधार, धुवाँ रहित नगरपालिका कार्यक्रम, कृषि सिंचाई तथा विधुतीकरण, शुद्व खानेपानी लगायत शिक्षा र स्वास्थ्य तर्फका कार्यहरु सफलतापूर्वक सम्पन्न भएकोमा जनप्रतिनिधि तथा सहयोगी भूमीका निर्वाह गर्ने नगरबासीहरुप्रति धन्यवाद व्यक्त गर्दछु।

नेपालको संविधान, संघीय तथा मधेश प्रदेश सरकारबाट जारी ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४, विषयगत समितिका सुझावहरु, दीगो विकासका लक्ष्यहरु,नगर सभा सदस्यका सुझावहरु, नागरिक समाज, राजनीतिक दल तथा विभिन्न सँघ संस्था एवं सरोकारवालाहरुको विभिन्न क्षेत्रबाट प्राप्त सल्लाह सुझावका आधारमा

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

नेपालको संविधानको धारा ५९ र धारा ६० बमोजिम प्राप्त अधिकार तथा स्थानीय सरकार सञ्चालनऐन, २०७४ को परिच्छेद ४ को दफा १९ अनुसार यस सम्मानित नगरसभामा प्रस्तुत गर्नका लागि अगामी आ.व.२०८२/८३ को नीति तथा कार्यक्रम तयार गरिएको सबैमा जानकारी गराउन चाहन्छु।

नगरसभा उपाध्यक्ष ज्यू,

नगरसभा सदस्यज्यूहरु,

अगामी आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम तयार गर्ने र स्रोतको वितरण गर्ने क्रममा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, नेपाल सरकारको सोह्रौ आवधिक योजना, दिगो विकास लक्ष्यका साथै विभिन्न क्षेत्रगत नीति तथा रणनीतिहरुलाई प्रमुख मार्गदर्शनको रुपमा लिईएको व्यहोरा अवगत गराउन चाहन्छु। "**सभ्य र समृद्ध परोहाःहाम्रो परोहा राम्रो परोहा,**" भन्ने नारालाई सार्थक बनाउनअगामी आर्थिक वर्ष २०८२/८३ मा परोहा नगरपालिकाले अवलम्बन गर्ने विषयगत क्षेत्रका नीति तथा कार्यक्रम, प्रस्तावित बजेट, नगरपालिकाको दीर्घकालिन सोच,नगरपालिकाको विकासका प्राथमिकताहरु, योजना तर्जुमाका आधारहरु र नगरपालिकाका समग्र नीतिहरुको सार संक्षेप यहाँहरु समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु।

## (क) सामाजिक विकास तर्फ

१. विधालयलाई प्रविधियुक्त बनाउँदै आधुनिक प्रविधि र नवप्रवर्तनात्मक विधि/प्रविधिसँग विधालय शिक्षालाई जोडिव्यवहारिक र संस्कारिक जीवन उपयोगी शिक्षा कार्यक्रम संचालनको नीति लिईनेछ।

२. सबै विद्यालयहरुमा विधार्थीहरुलाई मापदण्ड बनाई दिवा खाजा खुवाउने कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ।

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट



CamScanner

३. साकारात्मक चिन्तन र अनुशासनको विकास गर्न विधालयहरुमा हाजिरी जवाफ प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, व्यायाम तथा खेलकूद कार्यक्रमहरु संचालन गरिनुका साथै बालबालिकाहरुलाई विधालय तथा उच्च शिक्षाको अवसरबाट बञ्चित हुन नदिन मेयर केयर कार्यक्रम ( छात्रवृति,पोशाक,शैक्षिक समाग्री) लाई प्राथमिकतामा राखिने छ ।

४. विद्यालयहरुमा शौचालय निर्माण र स्तरोन्नति, निःशुल्क सेनेटरी प्याडको सुविधा तथा शुद्वखानेपानीको व्यवस्थालाई थप सुधार गर्दै निरन्तरता दिईनेछ।

५. विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शिक्षकहरुलाई प्रविधिमैत्री सीप बिकास, शिक्षण कला, क्षमता विकास र असल अभ्यास शिक्षण सिकाई आदान प्रदानका कार्यक्रमहरु संचालन गरिनुका साथै सामुदायिक सिकाई केन्द्र (Community Learning Center) मार्फत अनौपचारिक शिक्षा र सीप बिकास प्रबर्धन गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइनेछ।

६. विद्यार्थी उपलब्धि परीक्षणको आधारमा विद्यालय, विद्यार्थी र शिक्षकलाई पुरस्कृत गरिनेछ ।

७. प्राविधिक तथा व्यावसायिक शिक्षालयस्थापनाको लागि आवश्यक पहल गरिनेछ ।

८. अपाङ्गता भएका बालबालिकाहरुलाई शिक्षामा सहज पहुँच पु-याउन विशेष कार्यक्रम संचालन गरिनेछ।

९. विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सहजताको लागि बेन्च/डेस्क,पंखा,खेल सामग्री लगायत अन्य आवश्यक शैक्षिक समाग्रीहरु उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

शेख बकिल
नगर प्रमुख
परोहा नगरपालिका
सौकाहा, रौतहट

१०.शैक्षिक गुणस्तर कायम गर्न नगरपालिकाद्वारा नियुक्त करार शिक्षकहरुको व्यवस्थापन कार्यलाई निरन्तरता दिदै थप प्रभावकारी व्यवस्थापन गरिनेछ ।

११.सक्षम प्राथमिक विद्यालयलाई आधारभूत तथा आधारभूत विद्यालयलाई माध्यमिक विद्यालयमा स्तरोन्नति गरिदै लगिनेछ ।

## स्वास्थ्य सम्बन्धी नीति

१२.सुत्केरी महिला तथा नवजात शिशुको स्वास्थ्य अवस्था परिक्षण कार्यलाई थप व्यवस्थित गरिनुका साथैगर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामै प्रसूती गराउने व्यवस्था मिलाईनेछ।

१३.दीर्घ तथा नसर्ने रोगबाट घरमै ओछ्यानमा थलिएर रहेका बिरामी व्यक्तीहरुलाई लक्षित गरी वडा वडामा रहेका स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुको परिचालनबाट प्रशामक सेवा (Palliative Care) कार्यक्रम क्रमशः अघि बढाईनेछ।

१४.नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुको स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्न लागि अस्पतालमा नि:शुल्क बेडको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१५.आयुर्वेद उपचार पद्धतिलाई प्रबर्धन गरी जनस्वास्थ्य सेवा अभिवृद्धि गरिनेछ ।

१६.नगरपालिका अन्तर्गतको बर्थिङ्ग सेन्टरमा सुत्केरी हुने महिलालाई तत्काल कपडा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ।

१७.नेपाल रेडक्रस सोसाईटी ब्लड बैक मार्फत नगरबासीलाई प्रदान गरिदै आएको नि:शुल्क रक्त संचार सेवा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
नौकाहा, रौतहट

१८. महिलाहरुमा बढदो क्रममा रहेको स्तन तथा पाठेघरको क्यान्सर जस्ता घातक रोगहरुको निःशुल्क परीक्षणका लागी विभिन्न निकायहरुसँग समन्वय गरी सेवा प्रदान गरिनेछ।

१९.नगर अस्पतालमा अल्ट्रासाउण्ड, भेन्टिलेटर र आई.सी.यु.सेवा सहितको स्वास्थ्य पूर्वाधारको स्थापना गरी गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराईनेछ।

२०.गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको उपलब्धताको लागि आवश्यक दक्ष जनशक्ति, औषधी, औजार उपकरणहरूको आपूर्ति गरिनेछ।

२१.स्वास्थ्य सम्बन्धी सूचना, जानकारी र परामर्श प्रदान गर्न **परोहा स्वास्थ्य हेल्प डेस्क**को सञ्चालनलाई निरन्तरता दिईनेछ।

२२.बाल रोग, सुरक्षित गर्भपतन सेवा, परिवार नियोजन जस्ता सेवाहरूको सञ्चालन तथा व्यवस्थापनमा विशेष जोड दिईनेछ।

२३.आवश्यक्ताको आधारमा आँखा, नाक, कान लगायत अन्य स्वास्थ्य समस्याहरु सम्बन्धि स्वास्थ्य शिविरहरु सञ्चालन कार्यलाई निरन्तरता दिईनेछ।

२४.क्षयरोग नियन्त्रण तथा रोकथामको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गर्न व्यवस्था मिलाईनेछ

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सम्बन्धी नीति

२५.बिहेवारी बीस बर्ष पारी भन्ने नारालाई सार्थक बनाउन यस नगरपालिकालाई बालबिवाह मुक्त पालिका घोषणा गर्न **बालविवाह अन्त्यका लागि रणनितिक योजना, २०८०** ले निर्दिष्ट गरे बमोजिमकार्यक्रम संचालन गरिनेछ।

२६.**अपाङ्गता हेल्प डेस्क** सञ्चालनका गरिने तथाअपाङ्गता भएका व्यक्तीहरुलाई दैनिक जीवन यापनमा सहजता पु-याउनका लागी सहायक समाग्री सहयोग गर्ने

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
[illegible], रौतहट



CamScanner

कार्यलाई निरन्तरता दिईनेछ साथै अपाङ्गता भएका बालबलिकाहरुका लागि बिशेष संरक्षणका कार्यक्रमहरु संचालन गरिनेछ।

२७.ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभब पुस्तान्तरण र हस्तान्तरण गर्न वडास्तरमा ज्येष्ठ नागरिक मिलन केन्द्रको स्थापना गरि कार्यान्वयन गरिनेछ।

२८. गरिब, विपन्न, सिमान्तकृत, बेरोजगार महिलाहरुलाई विभिन्न किसिमका सीपमूलक तालिमहरुको माध्यमबाट दक्ष र आत्मनिर्भर बनाउदै लगिनेछ।

२९.आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला, मुस्लिम, दलित, फरक क्षमता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङख्यक, सिमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानको लागि आयमूलक र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

३०. यस नगरपालिकामा स्थायी बसोबास भई ईन्जिनियरिङ्ग तथा मेडिकल तर्फ स्नातक तहमा अध्ययनरत् छात्राहरुलाई प्रोत्साहन स्वरुप एकमुष्ठ रु. २५ हजार उपलव्ध गराईने कार्यलाई निरन्तरता दिएको छु।

३१.अपाङ्गता भएका बालबालिकाहरुको शिक्षामा सहज पहुँचका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

## कला, संस्कृति,साहित्य र सम्पदा सम्बन्धी नीति

३२.नगरक्षेत्रभित्र मनाइने पर्व,मेला,पूजा,परम्परागत जीवनशैली एवं अन्य सांस्कृतिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गरिदै लगिनेछ।

३३.नगर क्षेत्रमा रहेका ऐतहासिक,धार्मिक,पुरातात्विक महत्वका मठ,मन्दिर,पोखरी, मदरसा आदिको अभिलेख राखी संरक्षण र सम्वर्द्धनको व्यवस्था मिलाइनेछ।

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, गौतहट



CamScanner

परोहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गौरहट ... मधेश प्रदेश, नेपाल

३४.नगरपालिका भित्रका सार्वजनिक र ऐतिहासिक महत्वका वस्ती, टोल, चौक लगायतका स्थानहरुलाई ऐतिहासिक परिचय खुल्ने गरी मौलिक नामकरण गर्ने नीति लिइनेछ ।

## श्रम तथा रोजगार सम्बन्धी नीति

३५.कार्यस्थलमा आधारित जीवन उपयोगी सीप तथा क्षमता विकास तालिम मार्फत श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी कार्यक्रम गरिनेछ।

३६.श्रम तथा रोजगारी सम्बन्धी मौलिक हकलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न रोजगार सेवा केन्द्रको संस्थागत क्षमता अभिवृद्धि गर्दै जनमुखी, उत्तरदायी र जवाफदेही संस्थाको रुपमा विकास गरिदै लगिनेछ ।

३७.स्थानीय श्रम बजारको विश्लेषणको आधारमा स्थानीय श्रमिकको क्षमता र दक्षता अभिवृद्धि गरी आप्रवासी कामदारहरुको प्रतिस्थापन र स्थानीय श्रम बजारमा स्थानीय श्रमिकहरुको रोजगारी सुनिश्चित गर्न रोजगारदाताहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

३८.रोजागरी प्रबर्द्धन अभियान सम्बन्धी कार्यक्रम, रोजगार संवाद मंचको व्यवस्थित सञ्चालन तथा रोजगारमैत्री लागनी प्रोत्साहन गर्न स्थानीय रोजगारलगानी सम्मेलनको आयोजना गरिनेछ ।

३९.नगरपालिकाभित्रका कृषि सडक वा कच्ची सडक वा कूलो/पैनीको निर्माण तथा मर्मत सम्भारको आयोजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत सञ्चालन गरिनेछ ।

४०.छोटो अवधिका रोजगारउन्मुख सीप विकास तालिमहरु सञ्चालन गर्न विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
सौकाहा, रौतहट



CamScanner

४१.रोजगारदाताको माग बमोजिमको जनशक्ति तयार गर्न कार्यस्थलमा आधारित तालिम सञ्चालन गरिनेछ ।

४२.सुरक्षित अप्रवासन तथा रोजगार प्रवर्द्धन कार्यक्रममा साझेदारी गी प्रभावकारी बनाईनेछ।

४३.नगरपालिकाबाट सञ्चालन हुने योजनाहरुमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई परिचालन गरिनेछ ।

४४.प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न लागत साझेदारीको नीतिलाई अंगिकार गरिनेछ ।

## (ख) आर्थिक विकास तर्फ

### कृषितथा पशु सम्बन्धी नीति

४५.कृषि क्षेत्रको उत्पादकत्व बृद्धि गर्न सिंचाई प्रणालीको विस्तारमा जोड दिईनेछ।

४६.कृषि पेसालाई सम्मानजनक, मर्यादित र प्रतिष्ठित बनाई युवाहरुलाई कृषिमा आकर्षित गर्न बागबानी तथा तरकारीहरुको पकेट क्षेत्र विस्तार गरी उत्पादन अभिबृद्धि गर्न जोड दिईनेछ।

४७.कृषिलाई उत्पादनमुखी बनाउन अनुदान, कृषि बिमा, मूल्य शृङ्खला, बजारीकरण, प्राविधिक परामर्श सेवा उपलब्ध गराउन व्यवस्था मिलाईनुका साथै बिभिन्न बालीनाली तथा तरकारीका बिउहरु उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाईनेछ।

४८.कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व क्षमता वृद्धि गर्न उपयुक्त कृषि पूर्वाधारहरू सिँचाइ, कृषि हाट बजार, शीत घर, गोदाम घर, सङ्कलन केन्द्र, कृषि प्रयोगशाला (माटोको उर्वराशक्ति परीक्षण) को स्थापना, विकास एवं विस्तार गरिनेछ ।



शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

४९.कृषिको आधुनिकीकरण, व्यवसायीकरण र कृषि उपजहरुको बजारीकरणमा योगदान पुर्याउन कृषि तथा नगदेवालीजन्य उद्योग व्यवसायहरुलाई प्राथमिकता दिईनेछ।

५०.उन्नत जातका फलफूल जस्तै आँप, लिची, व्यवसायिक तरकारी खेती, मेवा खेती,मसला बाली, केरा खेती आदि गर्न कृषक, कृषक समूह र कृषि सहकारीहरुलाई प्रोत्साहन गरिनेछ।

५१. पशुपंक्षी उपचार सेवा,पशु आहारा कार्यक्रम, पशुपंक्षी खोप कार्यक्रम तथा बाझोपन निवारण जस्ता कार्यहरुलाई प्राथमिकता दिईनेछ।

५२.पशुपालन व्यवसायलाई थप व्यवस्थित बनाउन पशु सेवा केन्द्रबाट कृषकहरुलाई पशुपालन व्यवसायमा सहज र आयमुलक बनाउन थप उपचार रोग निदान खोप सेवालाई प्रभावकारी रुपमा संचालन गरिने छ।

५३.कृषि सिंचाईका लागि कृषि विद्युतीकरण र स्यालो ट्यूवेल जडान कार्यलाई निरन्तरता दिईनेछ।

५४.विद्युत चुहावट नियन्त्रण एवं जोखिमबाट जोगाउन अति विपन्न परिवारहरुलाई निःशुल्क विद्युत मिटर वितरण तथा सबै कृषकको कृषि सिचाईको विधुत महशुल भुक्तानी कार्यलाई निरन्तरता दिईनेछ।

## पर्यटन सम्बन्धी नीति

५५.परोहाको प्राकृतिक, धार्मिक, मौलिक, पुरातात्त्विक एवं सांस्कृतिक सम्पदा, मनोरम फाँटहरु र जलसम्पदा पर्यटनको मुख्य आधार क्षेत्र रहेको छ। यी सम्पदाहरूको संरक्षण रसंवर्द्धन गरी नयाँ नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान, विकास रप्रवर्द्धन गरिनेछ।

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
चन्द्रनिगाहपुर, रौतहट



CamScanner

५६.परोहा नगरपालिकामा रहेका पोखरीहरुको संरक्षण एवं सौन्दर्यीकरणमाजोड दिईनेछ ।

## (ग) पूर्वाधार विकास तर्फ

५७.उज्यालो शहर र सुरक्षित शहरको अवधारणा अनुसार नगरका विभिन्न स्थानहरुमा हाईमास्ट लाईट जडान तथा मर्मत कार्यलाई निरन्तरता दिइनेछ।

५८.सडकमा परेका बिधुतका पोलहरु लाई व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिईनेछ। साथै नयाँ सडक निर्माण गर्दा सडकमा परेका विधुतपोलहरु हटाउने र अपुग भएमा पोलतारहरु थप गरी बिधुत सेवा विस्तार कार्यलाई निरन्तरता दिइनेछ।

५९.शैक्षिक पूर्वाधार, स्वास्थ्य पूर्वाधार, विद्युत्, खानेपानी, फोहोरमैला व्यवस्थापन जस्ता न्यूनतम स्थानीय पूर्वाधारहरूको निर्माण एवं विस्तारमा जोड दिईनेछ।

६०.यस नगरपालिका भित्र सडकको पहुँच नपुगेको स्थानहरुमा सडकको पहुँच पुर्याइनेछ। हाल सञ्चालनमा रहेका सडकहरुको मर्मत सम्भार र स्तरोन्नति कार्यलाई निरन्तरता दिईनेछ।

६१. सडक बोर्ड नेपालको लागत साझेदारीमा सडक मर्मत सम्भार कार्यलाई निरन्तरता दिईनेछ साथैस्थानीय आवश्यक्ताको आधारमा नयाँ सडकहरुको निर्माण गरिनेछ।

६२.अव्यवस्थित बसोबासलाई व्यवस्थित बनाउन आवश्यक नीति अवलम्बन गरिनेछ।

६३.प्रत्येक वडामा विवाह भवन निर्माणका लागी विभिन्न निकायसँग समन्वय गरी निर्माणका लागी पहल गरिने छ।

६४.नगरको विकासमा थप गति दिन आवश्यक पर्ने मेसिनरी उपकरण आवश्यकता अनुरुप खरिद गरिनेछ

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट



CamScanner

६५.पूर्वाधार निर्माण कार्यको गुणस्तर कायम गर्न प्राविधिक तथा सिभिल ल्याब स्थापनाको लागि सरोकारवाला निकायसंग समन्वय र सहकार्य गरिनेछ ।

६६.जिल्ला प्रशासन कार्यालयले तयार पारेको जिल्ला दररेटलाई नै यस नगरपालिकामा लागु गर्ने गरी स्थानीय दररेटको मान्यता दिईनेछ । साथै आवश्यक परेको खण्डमा स्थानीय दररेट कायम गर्ने नीति लिईनेछ ।

## (घ) वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ

६७.घरेलु फोहरलाई श्रोतमा नै वर्गीकरण गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालनको व्यवस्था मिलाईनेछ । कुहिने फोहरलाई घरमै मल बनाउन प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।

६८.नगरको फोहरमैला (Municipal Solid Waste) को दिगो रुपमा व्यवस्थापन गर्ने नीति लिईनेछ । यसका लागि आवश्यक अध्ययन,अनुसन्धान, नीति, जग्गाको प्राप्ति,स्थापना, विकास र सञ्चालन गर्ने नीति अंगिकार गरिनेछ ।

६९.सार्वजनिक जग्गा,नदी किनार, सडक किनार, सरकारी कार्यालय परिसरमा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

७०.नगरपालिका क्षेत्रमा रहेका सार्वजनिक जग्गाहरुको लगत तयार गरिनेछ । सार्वजनिक जग्गाहरुको अतिक्रमण हटाई पार्क निर्माण गरिनेछ।

७१.विभिन्न गैर सरकारी संघसंस्था एवं विकास साझेदार संस्थाको सहयोग र सहकार्यमा नगर आपतकालीन संचालन केन्द्र (Municipal Emergency Operation Center) को स्थापना तथा व्यस्थित संचलान गरिनेछ ।

७२.नगरपालिकाको विपद जोखिम नक्सांकन (Hazard Mapping) कार्यलाई अद्यावधिक गरिदै लगिनेछ।

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

परोहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लौकहा, रौतहट मधेश प्रदेश, नेपाल

७३. विपद् प्रभावित क्षेत्र, व्यक्ति वा परिवारलाई आवश्यक राहत तथा क्षतिपुर्ति वितरण कार्यलाई निरन्तरता दिएको छु।

७४. विपद् व्यवस्थापन रोकथामका लागि विशेष जोड दिईनेछ।

७५. वातावरण प्रदुषणलाई नियन्त्रण गर्न सम्बन्धित पक्षहरुसंग समन्वय र सहकार्य गरिनेछ।

७६. जलवायु नियन्त्रणमा सहयोग पुग्ने उद्देश्यले नगर भित्रका प्रत्येक घरधुरीमा **एक घर, एक विरुवा**को नीतिलाई निरन्तरत दिएको छु।

७७. "हरित नगर, स्वच्छ नगर" को रुपमा विकसित गर्न ईको पार्क निर्माण कार्यका लागी विशेष पहल गरिनेछ।

७८. ढलनिकास र Land Field साईटको लागि आवश्यकजग्गा व्यवस्थापनमा जोड दिईनेछ।

७९. यसै वर्ष प्रदेश सरकारबाट प्राप्त हुने वारुण यन्त्रको उचित सञ्चालन एवं व्यवस्थापनगरी नगरबासीलाई सेवा प्रदानगरिनेछ।

## (ङ) संस्थागत सेवा तथा सुशासन तर्फ

८०. नगरपालिकाकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त, पारदर्शी, जनमैत्री र सुशासनयुक्त बनाउन आवश्यक कानूनी प्रवन्ध गरी कार्यान्वयन गरिनेछ।

८१. नगरपालिकाको संगठन संरचना रस्वीकृत दरवन्दी अनुसार कर्मचारीहरुको कार्य विवरणप्रभाबकारी रुपमा कार्यान्वयन गरिनेछ।

८२. नगरपालिका स्थापना दिवसका अवसरमा कार्य सम्पादनमा अब्बल एवं उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई सम्मान तथा पुरस्कार प्रदान गरिनेछ।

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकहा, रौतहट



CamScanner

८३. नगरपालिकाका सार्वजनिक स्थानहरुमा थप सिसिटिभी जडान गरी प्रत्यक्ष निगरानी गरिने व्यवस्था मिलाईनेछ ।नगरबासी एवं व्यवसायीहरुको जीउधनको सुरक्षाको लागि नेपाल प्रहरीको सहयोगमा नगरका महत्वपूर्ण स्थानहरुमा जडान गरिएको सि.सी.टि.भी. को मर्मत एवं विस्तार कार्यलाई निरन्तरता दिईनेछ ।

८४. संविधान तथा कानुन बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार कार्यान्वयन गर्न नयाँ कानुनी प्रबन्धहरुको तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

८५. नगरपालिकाको नीति योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक ऐन, कानुन, कार्यविधि, निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।

८६. नगरपालिकाले संविधान तथा कानुन बमोजिम असुल गर्ने राजस्व (कर तथा गैरकर) प्रशासनलाई न्यायोचित, पारदर्शी र बैज्ञानिक बनाउन प्रविधिमैत्री राजस्व व्यवस्थापन सूचना प्रणाली अवलम्वन गरिनेछ ।

८७. करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन समग्र राजस्व प्रणालीलाई करदातामैत्री बनाइनेछ।

८८. कर तथा गैरकर स्थानीय राजस्वको अनुगमन गर्न बिशेष टोली गठन गरी परिचालन गरिनेछ।

८९. आर्थिक ऐन अनुसार उपलब्ध गराउंदै आएको कर छुटलाई पुनरावलोकन गरिनेछ।

९०. सबै वडाहरुमा मेलमिलाप केन्द्रहरु स्थापना गरी विवाद निरुपण कार्यलाई थप प्रभाबकारी बनाइनेछ।

९१. सूचना प्रविधिको प्रयोगबाट न्याय सम्पादनको कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ।

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

९२. नगरपालिकाद्वारा जारी गरिएका स्थानीय कानुनहरुको आबश्यकता अनुसार संसोधन, परिमार्जन तथा एकीकरण गरिनेछ।

९३. बचत तथा ऋणको कारोबार गर्ने सहकारीको जोखिम व्यवस्थापनका लागि अनुगमन संयन्त्र गठन गरी परिचालन गरिनेछ।

९४. सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गरी सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सहकारी संस्थाहरुलाई एकीकरण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

९५. नगरहरु बीच आपसी सम्बन्ध सुमधुर बनाउन, असल अभ्यास तथा सफल अनुभब आदान प्रदान गर्न स्वदेशी तथा विदेशी नगरहरुसंग भगिनी सम्बन्ध कायम गरिनेछ।

९६. स्थानीय सेवा प्रवाहलाई चुस्त दुरुस्त, प्रभावकारी, मितव्ययी तथा पारदर्शी बनाउन विद्युतीय प्रणालीको विकास, विस्तार गरिनेछ ।

९७. स्थानीय सरकार र सेवाग्राही बिच कुशल सम्बन्ध स्थापित गर्न अनलाईन प्रविधिको विकास गरि प्रक्रियागत झन्झटको अन्त्य गरिनेछ

९८. नगर कार्यपालिका कार्यालयको आवश्यक डाटाहरुलाई ब्याक अप राख्न File Server को स्थापना गरिनेछ ।

९९. नगरपालिकाका सम्पूर्ण सूचनाहरुमा जनताको सहज पहुँच पुर्याउन वेभसाईट, मोबाईल एप्प एवं अन्य उपकरणहरुलाई समयानुकुल अध्यावधिक गरिदै आएको कार्यलाई निरन्तरता दिइनेछ ।

१००.Internet क्षमता प्रणालीमा थप सुधार एवं विस्तार गरिनेछ।

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
गौतहट

१०१.सेवा प्रवाहलाई प्रभावकारी, मितव्ययी र जनमैत्री बनाउन सेवा प्रवाहको मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ।

१०२.आन्तरिक श्रोतको दायरालाई फराकिलो बनाउँदै विकासका कार्यलाई गति प्रदान गर्न प्रचलित कानुनको अधिनमा रही नगरसभाबाट स्विकृत कर,शुल्क, दस्तुर तथा जरिवाना असुल गर्ने कार्यलाई व्यवस्थित गरिनेछ।

१०३.नगरपालिकाको स्रोतबाट नियुक्त कर्मचारीहरुको तलब भत्तामा सामयिक वृद्धिको व्यवस्था गरिनेछ।

१०४.नगरको शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्न नगर प्रहरीको व्यवस्थापन एवं परिचालन गरिनेछ।

## बजेट वक्तव्य

परोहा नगरपालिकाको सम्मानित गरिमामय नवौ नगर सभाका उपाध्यक्ष ज्यू, प्रमुख अतिथिज्यू,वडा नं.१ देखि ९ सम्मका वडा अध्यक्ष ज्यूहरु, यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्यू, कार्यापालिका सदस्यज्यूहरु, नगर सभा सदस्यज्यूहरु, कर्मचारीहरु, शिक्षक तथा शिक्षिकाहरु, संचारकर्मी एवं पत्रकार ज्यूहरु यस नगर सभाको कार्यक्रममा उपस्थित भई दिनु भएकोमा उपस्थित हुनु भएका सबैमा सर्वप्रथम म हार्दिक अभिवादन व्यक्त गर्दछु। बहुजातिय,बहुभाषिक, बहुधार्मिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मासाथ गरि विविधता बिचको एकता, सामाजिक, सांस्कृतिक एक्यवद्धता र सदभावलाई संरक्षण एवं प्रर्वधन गर्दै वर्गीय, जातिय, क्षेत्रिय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातिय छुवाछुत अन्त्य गरी आर्थिक समानता समृद्ध र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागिता मुलक सिद्वान्तको आधारमा समानता मुलक समाजको निर्माण गर्न राष्ट्रिय संकल्पलाई

शेख [illegible]
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, गौतहट

आत्मासाथ गर्दै संघीय सरकार र प्रदेश सरकारसँग समन्वय सहकार्य र सहअस्तित्वको भावना अनुरुप कार्यगत एकता गर्दै यस नगरपालिकाको समृद्धि, आत्मनिर्भरता र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न हाम्रो लक्ष्य रहेको छ।

आदरणिय महानुभावहरु,

आज हामी यस सम्मानित गरिमामय सभामा परोहा नगरपालिकाको आउँदो दिनको भविष्य निर्माणको निमित्त यहाँ उपस्थित भएका छौ।जनआकांक्षा अनुसार बजेट कार्यान्वयन तथा सेवा प्रवाह गर्न विभिन्न कठिनाई हुने भए तापनि बजेट पारित गरि समयमा नै जनभावना अनुसार कार्य गर्न हामी प्रतिबद्ध छौं। आ.व. २०८२/८३ को लागि तयार गरिएको वार्षिक बजेटले नगरपालिकाको विविध पक्षहरुलाई समेट्ने अपेक्षा लिईएको छ। "कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधारः समावेशी दिगो विकास परोहा नगरपालिकाको मूल आधार" दृष्टिकोणलाई सार्थक बनाउन यस परोहा नगरपालिकाको अवधारणा अनुसार आर्थिक, सामाजिक विकासका लागि आवश्यक श्रोत परिचालन गर्न नगरस्तरीय राजश्व परामर्श समितिबाट सम्भाव्यता अध्ययन गरी राजश्व अनुमान र संघीय सरकार, प्रदेश सरकार, आन्तरिक आय र अन्य निकायबाट प्राप्त हुने आय समेतलाई मध्य नजर गर्दै तयार गरिएको आ. व. २०८२/२०८३ को बजेट प्रस्तुत गर्न गईरहेको छ।

## आ. व. २०८२/०८३आय तर्फ

आ.व. २०८२/८३ मा यस नगरपालिकाको लागि संघीय सरकार, प्रदेश सरकार र आन्तिक आयबाट प्राप्त हुने वित्तीय समानीकरण, राजस्व बाँडफाँड अनुदान तथा आन्तरिक आय देहाय बमोजिम रहेको छ।

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट



CamScanner

| | | | |
|---|---|---|---|
| १ | वित्तीय हस्तान्तरणबाट प्राप्त आय | | |
| १.१ | नेपाल सरकारबाट प्राप्त हुने अनुमानित अनुदान: | | |
| १.१.१ | संघीय वित्तीय समानीकरण अनुदान | रु.११०००००००.०० | ११ करोड |
| १.१.२ | संघीय सशर्त अनुदान चालु र पूँजीगत | रु.२५८३०००००.०० | २५ करोड ८३ लाख |
| १.१.३ | संघीय विशेष अनुदान | रु.१३२०००००.०० | १ करोड ३२ लाख |
| १.१.४ | संघीय सम्पूरक अनुदान | रु.५००००००/- | ५० लाख |
| १.१.५ | संघीय राजस्व बाँडफाँड | रु.१०६६९५३४४.०० | १० करोड ६६ लाख ९५ हजार तीन सय चौवालिस |
| २ | प्रदेश सरकारबाट प्राप्त हुने अनुमानित अनुदान: | | |
| २.१ | समानीकरण अनुदान | रु.६५८६७२०.०० | ६५ लाख ८६ हजार ७ सय बिस |
| २.२ | सशर्त अनुदान पूजीगत | रु.९५०००००.०० | ९५ लाख |
| २.३ | विशेष अनुदान | रु.३००००००.०० | ३० लाख |
| २.४ | सम्पूरक अनुदान | रु.२००००००.०० | २० लाख |
| २.५ | राजश्व बाँडफाँड | रु.५५०००००.०० | ५५ लाख |
| ३ | आन्तरिक आय अनुमानित | रु.१७००००००.०० | १ करोड ७० लाख |
| कुल जम्मा बजेट रकम रु. | | रु.५३६७८२०६४.०० | ५३ करोड ६७ लाख ८२ हजार ६४ रुपैया |

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

अगामी आ.व.२०८२/८३ को अनुमानित कुल आय रकम रु.५३ करोड ६७ लाख ८२ हजार ६४ रुपैयालाई तपसिल अनुसार क्षेत्रगत रुपमा विनियोजन गरिएको जानकारी गराउन चाहन्छु ।

- चालु खर्च तर्फ रु. ३४ करोड १९ लाख ९५ हजार ३ सय चौवालिस अर्थात विनियोजनको ६३ दशमलव ७१ प्रतिशत, र
- पुँजीगत विकास निर्माण तर्फ रु.१९ करोड ४७ लाख ८६ हजार ७ सय बिस अर्थात विनियोजनको ३६ दशमलव २९ प्रतिशत खर्च हुने संशोधित अनुमान रहेको छ।

यस बजेटले नगरपालिकाको सामाजिक, आर्थिक, साँस्कृतिक,दिगो पूर्वाधार सहित विकासमा महत्व राख्ने विश्वास लिएको छु ।

नगरसभा उपाध्यक्षज्यू,

नगरसभा सदस्यज्यूहरु,

परोहा नगरपालिकाले अगामी आर्थिक बर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रमले परिकल्पना गरेका सोंच, नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्नमा प्रतिबद्ध रहेको छ।

धन्यवाद!!

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट